*निर्णय नं. १* २०७२।०४।२६

संघीय मामिला तथा स्थानिय विकास मन्त्रालयबाट पुँजिगत खर्चको लागी प्राप्त हुने रु ३,३५,००,०००।- मध्ये सवारी साधन (गाडी) को लागि रु. ३०,००,०००।- भवनको लागि रु. १करोड छुट्याई बाँकि विकास योजनाको रकम रु. २ करोड ५ लाख मध्यबाट समपूरक कोष रु. १०,००,०००।- छुट्याई बाँकी हुन आउने रु. १,९५,००,०००।- बाट ३% कन्टिजेन्सी (रु. ५,८५,०००।-) छुट्याई बाँकी हुन आउने रकम रु. १,८९,१५,०००।- मध्यबाट लक्षित वर्गतर्फ ३५% को रु. ६६,२०,२५०।- कटाई आर्थिक सामाजिक एवं भौतिक पूर्वाधार विकास कार्यक्रम तर्फ ६०% को रु. ७३,७६,८५०।- र प्रवर्धनात्मक तर्फ ४०% को रु. ४९,१७,९००।- को स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को प्रावधान बमोजिम योजना तथा कार्यक्रम अनुसार गत बर्षको नगर परिषदबाट चालु बर्षको लागि पारित भएका आयोजना तथा कार्यक्रमहरु र यहि २०७२।१।१२,१३ र २९ गतेको भूकम्प तथा पराकम्पनबाट भएका क्षतीको पुनः निर्माण तथा कार्यक्रम गर्नको लागी वजेट तथा योजना वाडफाड गर्न बोर्ड बैठकलाई नै अधिकार प्रत्ययोजन गर्न निर्णय गरियो । साथै उक्त कार्यक्रम गर्दा उक्त कार्यविधिको दफा ११ बमोजिमको आर्थिक,सामाजिक एवं भौतिक पूर्वाधार विकास तर्फको कार्यक्रमको लागि कम्तिका रु. ५ लाख भन्दा घटिको योजना/कार्यक्रम गर्न नपाईने र प्रवर्धानात्मक तर्फ रु. ५०,०००।- भन्दा घटिको आयोजना तथा कार्यक्रम गर्न नपाइने र आन्तरिक आयश्रोतक(राजश्व वाडफाड सहित) बाट खर्च गरिने विकास योजनामा (चालु खर्चको रकमबाट वचत हुने अवस्था देखिएमा) यो खर्चको सीमा लागु नगर्ने निर्णय गरियो । साथै मन्त्रालयबाट उपरोक्त बजेटको अख्तियारिमा थप घट भई आएमा सोहिलाई आधार मानि बजेट वाडफाड गरि खर्च गर्न समेत सर्वदलिय सहितको वोर्ड बैठकलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

*निर्णय नं. २*

नगर स्तरीय राजश्व परामर्श समितिले दिएको सुझाव तथा सिफारिसलाई यस परिषदबाट अनुमोदन गर्ने निर्णय गरियो ।

*निर्णय नं. ३*

यस अघि गत आ.व.मा आगमी परिषदबाट अनुमोदन गर्ने भनी सर्वदलिय बैठक सहितको वोर्डवाट निर्णय भएका आयोजना, कार्यक्रम तथा प्रशासनिक खर्चहरु यस विशेष परिषदबाट अनुमोदन गर्ने निर्णय गरियो । साथै आ.व. ०७१/७२ मा भएका सम्पूर्ण चालु तथा पुजीगत खर्चहरु समेत अनुमोदन गर्नुका साथै फरफारक गरिएका आयोजनाको जाँचपासको कार्य समेत अनुमोदन गर्ने निर्णय गरियो ।

*निर्णय नं. ४*

नक्शा पास सम्बन्धमाः यस अघि परिषद तथा बोर्डबाट पारित भएका नक्सा पास मापदण्डमा भवन ऐन २०५५, भवन सहिता सम्बन्धी कानून, भवन निर्माण नक्शा मापदण्ड २०७१ तथा मन्त्रालय तथा अन्य केन्द्रिय निकायबाट प्राप्त परिपत्र कार्यविधि नीति नियम तथा कानून हरुको परिपालना गर्दै यस नगरपालिकाको आवश्यकता अनुसार नगर विकास समिति सँग समेत आवश्यक समन्वयन गर्दै भवन निर्माण मापदण्ड बनाउन सर्वदलिय सहितको बोर्ड बैठकलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो, र उक्त मापदण्ड बमोजिम नियमअनुसार नक्सा पास गर्ने निर्णय गरियो ।

*निर्णय नं. ५*

यस कार्यालयको लागि पदपूर्ति प्रकृया अगाडि बढाउन संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयको मिति २०७१।१०।०६ मा प्राप्त परिपत्र अनुसार सांगठानिक संरचनामा स्वीकृत दरबन्दी मध्ये हाललाई सहायक स्तर चौथो तहको लागि जम्मा ७ जना र सहायक पाँचौको लागि जम्मा १ जना गरी जम्मा ८ जना दरबन्दी नियमअनुसार भर्ना गर्न पदपूर्ति समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

*निर्णय नं. ६*

संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयको स्वीकृत दरबन्दीमा कम्प्युटर अपरेटर पद ( सहायक स्तर चौथो तह) नभएकोले यस कार्यालयलाई अति आवश्यक भएकोले उक्त पद स्वीकृतको लागि संघिय मामिला तथा स्थानिय मन्त्रालयमा लेखि पठाउने तहाँबाट सहमति भई आएपछि नियमअनुसार पदपूर्ति प्रकृया अगाडी बढाउन  पदपूर्ति समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

जिल्ला विकास समिति सँग राजश्व बाँडफाँड वापतको ३५% देखि ५०% सम्म मध्य यस क्षेत्र सँग सम्बन्धित कारोबारको  ५०% माग गर्न जि.वि.स. रामेछापलाई अनुरोध गर्ने निर्णय गरियो ।

*निर्णय नं. ८*

वसपार्क व्यवस्थापन सम्बन्धमा नेपाल उद्योग वाणिज्य महासंघ रामेछाप, सम्बन्धित यातायात व्यवसायी, महासंघ, यस कार्यालय र शहरी विकास कोषको संयुक्त साझेदारीमा नियम अनुसार बसपार्क व्यवस्थापन गर्न शहरी विकास कोष (टि डि एफ)लाई अनुरोध गर्ने निर्णय  गरियो ।

*निर्णय नं. ९*

यस क्षेत्रको डम्पिङ साइटको लागि उपयुक्त स्थानमा जग्गा छनौट गर्न सर्वपक्षिय सरोकारवालाहरुको समेत सहभागिताबाट सहमत गरी प्रतिवेदन दिन नगरपालिकामा प्रतिनिधित्व गर्ने राजनितिक दलको संयोजकत्वमा सर्वदलिय गठन गरी उक्त स्थान को जग्गा छनौट गर्न वार्डलाई अधिकार प्रत्यायोजन गर्ने र ल्यान्डफिल्ड साइटको लागि आवश्यक रकम निकाशाको लागि सम्बन्धित निकाय सँग माग गर्ने निर्णय गरियो ।

*निर्णय नं. १०*

यस क्षेत्रमा सभा हलको उपयुक्त व्यवस्था नभएकोले उक्त सभा हलको लागि सम्बन्धित निकायमा निकासाको लागि लेखि पठाउन निर्णय गरियो ।

*निर्णय नं. ११*

नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वयन परिषद रामेछापको कार्यालय भवन निर्माणको लागि महासंघले यस न.पा. वडा नं. २ स्थित पूर्वमा सडक, पश्चिममा तामाकोशी नदी, उत्तरमा भुतियाखोला दक्षिणमा मन्दिर साथै प्रहरी विट भित्रको १ रोपनी जग्गा भोग चलनको लागी उपलब्धको लागी भाग भए

बमोजिम उक्त जग्गा भोग चलनको लागि अन्य निकाय हरुवाट समेत सहमति लिई नियमानुसार गर्न सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. १२ :
स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २१५ मा व्यवस्था भए बमोजिम पदपुर्ति समितिको अध्यक्षमा यस जिल्लाको मन्थली न.पा. ४ स्थाई निवासी श्री गुञ्जवहादुर श्रेष्ठ लाई अध्यक्षमा मनोनयन गर्ने निर्णय गरियो । साथै पदपुर्ति समितिको अध्यक्षतथा सदस्यहरुको बैठक भत्ता अर्थ मन्त्रालयले तोकेकोको नम्सको आधारमा र अध्यक्षको दैनिक भ्रमण भत्ता उप-सचिव स्तरको तोक्ने निर्णय गरियो ।
निर्णय नं.१३:
यस कार्यलयको लागी भवन निर्माण गर्न आवश्यक जग्गा व्यवस्थापन गर्नको लागि यस अघि गठित कार्यदलले सिफारिस गरेको ३ वटा जग्गा हरु मध्ये साविक गा.वि.स. भवन रहेको स्थानमा कार्यलय भवन निर्माण गर्न जग्गा छनौट गर्ने निर्णय गरियो । उक्त जग्गामा कार्यालय भवन निर्माण प्रक्रिया अघि बढाउने निर्णय गरियो ।
निर्णय नं. १३ :
यस कार्यालयको लागि मर्मत सम्भार विशेष कोष , दैविक प्रकोप उद्धार कोष , स्थानीय निकाय कर्मचारी प्रशासन विनियमावली बनाई परिषद वाट पास गरेपछि कार्यान्वयन गर्ने निर्णय गरियो । साथै मर्मत सम्भार विशेष कोषमा आवश्यक वजेट विनियोजित गर्ने निर्णय गरियो ।
निर्णय नं. १४ :
जिल्ला विकास समितिको कार्यालयवाट यस कार्यालयमा काजमा आउनु भएका ना.सु. ढाल बहादुर कार्कीलाई साविकमा दिईदै आएको प्रोत्साहन भत्ता रु. १०,००० ।- अर्को आदेश वा व्यवस्था नआउञ्जेल चालु बर्षमा समेत निरन्तर दिईने निर्णय गरियो । साथै साविकमा कार्यकारी अधिकृत र लेखापाललाई दिईदै आएको मासिक प्रोत्साहन रकम रु. ५,००० ।- लाई निरन्तर दिईने निर्णय गरियो ।
निर्णय नं. १५ :
गत परिषदले चालु वर्षको लागि निर्णय न. ६ गरेको अनुमानित आन्तरिक आय तथा कन्टिन्जेन्सी रकमवाट विकास योजना तथा सञ्चालन खर्चमा गरिने प्रस्तावित रकमलाई संसोधन गरि चालु बर्षको प्रस्तावितआन्तरिक आम्दानीको रकमवाट चालु खर्चमाखर्च गर्ने निर्णय गरियो ।
निर्णय नं. १६ :
यस न.पा.को लागी नगरस्तरीय शहरी विकास योजना आवधिक विकास योजना निर्माण गर्न सम्बन्धित निकायमा लेखी पठाउन अनुरोध गर्ने निर्णय गरियो ।
निर्णय नं. १७ :
यस न.पा.को लागी नगरस्तरीय स्थानीय विपत जोखिम व्यवस्थापन समन्वय समिति गठन गर्ने र नगरस्तरीय विपत जोखिम व्यवस्थापन योजना ( DRMP ) तर्जुमा परामर्सदाता वाट गर्ने निर्णय गरियो ।
निर्णय नं. १८
यस न.पा. मा निर्माण हुन लागेको अस्पतालको लागि IEE गर्न वजेट रु.२,००,००० ।- व्यवस्था गर्ने निर्णय गरियो ।
निर्णय नं. १९
जिल्ला खेलकुद विकास समिति सँग आपसि सहकार्य एवं समन्वयमा नगरस्तरीय खेलकुद प्रतियोगिता गर्न आवश्यक वजेट विनियोजन गर्ने निर्णय गरियो

निर्णय नं. २०
यस न.पाको लागी नगरस्तरिय प्रोफाईल तयार गर्न आवश्यक वजेट व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं.२१
यस न.पाको सुपरिवेक्षण तथाअनुगमन समितिलाई साविककै लाई क्रियाशिलगर्न वा आवश्यक परेमा परेमा थपघट गर्न अधिकार वोर्ड वैठकलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. २२
यस परिषदले छनोट गरेका विभिन्न कार्यक्रम तथा अन्य खर्चहरु मा मन्त्रालय तथा अन्य निकायवाट प्राप्त निकासा रकम विनियोजन गरि वाडफाड गर्ने अधिकार वोर्ड वैठकलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. २३
यस न.पा नवघोषित भएकोले विकसित न.पा. वाट विकासका अनुभवहरु सिक्नको लागी सम्वन्धित शाखाका कर्मचारीहरु समेत समावेस गरि सम्वन्धित राजनैतिक दलहरु समेतको संलगनतामा अध्ययन अनुसन्धान भ्रमण गर्ने निर्णय गरिएयो र यसको लागी आवश्यक वजेटको व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. २४
यस न.पा वाट संचालन हुन नसकेको योजना तथा कार्यक्रमहरुको लागी सम्वन्धित निकायमा योजना तथा वजेट माग गर्न कार्यकारी अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. २५
यस कार्यालयमा करारमा कार्यरत देहाय वमोजिम कर्मचारीहरु लाई खाईपाई आएको पारिश्रमिकमा देहाय वमोजिमको वृद्धि गर्ने र निजहरुको सेवा अवधि प्रचलित कानुनको अधिनमा रहि ०७३ असार मसान्त सम्म म्यादथप गर्ने गरी निर्णय गरियो ।

| क्र.स | पद | नाम थर | खाईपाई आएको रकम | प्रचलित रकम |
|---|---|---|---|---|
| १ | सव-इन्जिनियर | होम वहादुर खड्का | १६००० | १८२०० |
| २ | कार्यालय सहायक | तेज वहादुर खड्का | १४००० | १७००० |
| ३ | कार्यालय सहायक | रमाकोईराला घिमिरे | १४००० | १७००० |
| ४ | प्राविधिक सहायक | फणिन्द्र वि.क | १३००० | १७००० |
| ५ | प्राविधिक सहायक | दिलवहादुर श्रेष्ठ | १३००० | १७००० |
| ६ | प्राविधिक सहायक | मोतिलालदंगाल | १३००० | १७००० |
| ७ | प्राविधिक सहायक | गणेश माझी | १३००० | १७००० |
| ८ | प्राविधिक सहायक | मखौरे माझी | १३००० | १७००० |
| ९ | प्राविधिक सहायक | शर्मिलाश्रेष्ठ | १३००० | १७००० |
| १० | कार्यालय सहयोगी | रामवहादुर माझी | ८५०० | १२००० |
| ११ | कार्यालय सहयोगी | वावुरामकार्की | ८५०० | १२००० |
| १२ | कार्यालय सहयोगी | वद्रि श्रेष्ठ | ८५०० | १२००० |
| १३ | कार्यालय सहयोगी | केशवअधिकारी | ८५०० | १२००० |
| १४ | कार्यालय सहयोगी | लालवहादुर माझी | ८५०० | १२००० |

निर्णय नं. २६

यस न.पा.मा कार्यरत सवै कर्मचारीहरुलाई सरकारी पोसाक सुविधाको लागी आन्तरिक आयश्रोतवाट व्यहोर्ने गरी वार्षिक रु ५०००।-दिने निर्णय गरियो ।

निर्णय नं. २७ :

स्थानीय स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ९६ (१) को खण्ड (ञ) को उपखण्ड (३) अनुसार यस न.पा. क्षेत्र भित्र रहेका ऐलानी तथा सरकारी जग्गाहरुको संरक्षण गर्न आवश्यक पहल गरिने निर्णय गरियो ।

निर्णय नं. २८ :

यस कार्यलयवाट सञ्चालन गरिने आयोजना तथा कार्यक्रमहरुमा बालमैत्री स्थानीय शासन पद्धती अवलम्वन गर्ने निर्णय गरियो ।

निर्णय नं. २९ :

यस न.पा.क्षेत्रको फोहोर मैला व्यवस्थापन सार्वजनिक निजी साझेदारी अन्तर्गत Zero Landfill site को अवधारण अर्न्तगत वार्षिक संस्थागत रुपमा गर्ने कार्यलाई निरन्तरता दने निर्णय गरियो ।

निर्णय नं. ३०ँ:

रु ५ लाख भन्दा वढि लागतको सवै आयोजना हरुको आयोजना सञ्चालन स्थलमा सार्वजनिक रुपमा सुचना पाटि राख्ने निर्णय गरियो ।

निर्णय नं. ३१ :

यस न.पा. क्षेत्रमा जिल्ला पशु सेवा कार्यलय तथा उद्योग वाणिज्य संघ सँगको आपसि साझेदारी तथा सहकार्यमा मासु पसलको नियमन तथा व्यवस्थापनको कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. ३२ :

यस मन्थली नगपालीका कार्यालयवाट दैनिक सञ्चाल नहुने सिफारिस दस्तुरमा नागरिकता, अपाङ्गता र राहतको सिफारिस बाहेक अन्य सवै सिफारिसमा रु. १०० ।- र पञ्जीकरण जन्म, मृत्यृ, विवाह, बसाईसराई र सम्बन्ध विच्छेद दर्तामा ३५ दिन पछि दर्ता हुन आएमा पञ्जीकरणमा रु.५० लिने निर्णय गरियो ।

निर्णय नं. ३३ :

यस मन्थलीनगरपालीकाकार्यालय भित्र रहेका व्यवसायीहरुले व्यावसाय दर्ता गर्दै आएको र समयमा नविकरण नगर्ने हरुलाई १० प्रतिशत जरिवाना लिई नविकरण गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ३४ :

यस मन्थली नगरपालीका कार्यालय क्षेत्र भित्र रहेका R.C.C. भवनको नक्सापास गर्नको लागी 'ग' वर्ग सम्मको लागी प्रति वर्ग फिट रु. ५ का दरले मुल्याङ्कन गरि नक्सापास गर्ने निर्णय गरीयो ।साथै R.C.C. वाहेक ढुङ्गा माटो वास लगाएतको घ वर्गको घरको लागी प्रति वर्ग फिट रु १ का दरले लिने निर्णय गरियो ।

निर्णय नं. ३५ :

यस मन्थली नगरपालीका भित्र पर्ने सावीक गा.वि.स. अन्तर्गत कार्यरत स्वास्थ्य स्वयम सेविकाहरुलाई परिचालन तथा व्यवस्थापन गर्नको लागि आवश्यक वजेटको व्यवस्था मिलाउने निर्णय गरीयो ।

निर्णय नं. ३६ :

यस मन्थली नगरपालीका कार्यालय भित्र रहेका स्वास्थ्य आमा समुह सञ्जाल मार्फत सुत्केरी सेवा कार्यक्रम सञ्चालनको लागिवजेट बिनियोजन गर्ने निर्णया गरीयो ।

निर्णय नं. ३७:

कठजोर र सालु साविकगा.वि.स.को स्वास्थ्य सेवामा कार्यरत कर्मचारीलाई दिदैं आएकोमा प्रोत्साहन स्वरुप साविक रकममा वढोत्तरी गरी मासिक रु. ६००० ।- का दरले दशैखर्च समेत गरि जम्मा १३ महिनाको पारिश्रमिक दिने निर्णय गरियो । उर्पयुक्त सवै निर्णयहरु परिषदमा सार्वजनिकीकरण  गर्ने निर्णय गरियो ।